बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

प. सं. २०८१।८२
च.नं.

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः- २०८१।९।१ गते

बेलका नगरपालिका कृषि विकास शाखा अन्तर्गत किसान सूचीकरण कार्यक्रम संचालनार्थ किसानको परिवारको व्यक्तिगत तथा कृषि तथ्यांक संकलनको लागि तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा (बढीमा ५ महिनाका लागि) पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूको लागि यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८१।९।७ गते) भित्र दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | सेवा / समुह / पद | माग पद संख्या | दरखास्त दस्तुर | सेवा अवधि बढिमा |
|---|---|---|---|---|
| ३/२०८१।२०८२ | किसान सूचीकरण सहजकर्ता | ८ | ३००।- | बढीमा ५ महिना |

१. योग्यता र अनुभव
- न्युनतम शैक्षिक योग्यता माध्यमिक तह (कक्षा १२) वा सो सरह उत्तिर्ण ।
- एन्ड्रोइड मोबाइल / स्मार्ट फोन / ट्यावलेट वा ल्यापटप भएको र चलाउन जान्ने ।
- उमेर कम्तिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

२. परीक्षाको किसिम : प्रारम्भिक योग्यता सूची प्रकाशन,लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

३. परीक्षाको मिति, समय र परीक्षा केन्द्रः पछि प्रकाशन गरिनेछ।

४. दरखास्त बुझाउने अन्तिम मिति र स्थानः २०८१।९।७ गते कार्यालय समय सम्म दरखास्त बुझाउने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय सम्म बेलका नगरपालिका कृषि विकास शाखा, उदयपुर ।

५. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु
- आवेदन फारम
- आवेदन दस्तुर तिरेको रसिद
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रको प्रतिलीपी ।
- पासपोर्ट साइजको फोटो २ प्रति
- कुनै तालिम तथा अनुभव लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपी

६. काम गर्नुपर्ने स्थान र अवधि — बेलका नगरपालिका वडा नं १ देखी ९ सम्म र सम्झौता बमोजिम बढीमा ५ महिना सम्म ।

७. सेवा सुविधाः- किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७७ वमोजिम ।

८. विस्तृत जानकारीको लागि कृषि विकास शाखा ९८४३७०३५६५, ९८६९६४१८३१, ९८६२२९१६२३ मा सम्पर्क गर्न सकिनेछ ।

९. यस बाहेक अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

नोट- (कृषि / पशु विज्ञान बिषयमा प्रविणता प्रमाण पत्र तह(Isc.ag / vet) उत्तिर्ण वा कृषि / पशु विज्ञानमा जे.टि.ए. कोर्ष उत्तिर्ण गरी १२ कक्षा उत्तिर्ण गरेका उम्मेदवारहरुलाई प्राथमिकता दिइनेछ ।